नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- ६५७

मिति :- वि.सं. २०८३/०३/१९
ने.स. :- ११४६ तछलागा,३ शुक्रवार

विषयः ऊर्जाशील पेय पदार्थ (इनर्जी ड्रिङ्क) को भ्रामक तथा अतिरञ्जित विज्ञापन नगर्ने/नगराउने सम्बन्धी सूचना

विज्ञापनका विभिन्न माध्यमबाट बालबालिका, किशोरकिशोरी तथा युवालाई लक्षित गर्दै विभिन्न ब्रान्डका इनर्जी ड्रिङ्क तथा उच्च चिनीयुक्त पेय पदार्थहरूले तुरुन्त ऊर्जा प्रदान गर्ने, शारीरिक तथा मानसिक क्षमता अभिवृद्धि गर्ने, थकान हटाउने जस्ता बिषयवस्तु समावेश गरिएका विज्ञापनले उपभोक्तालाई भ्रममा पार्न सक्ने भनी यस बोर्डको कार्यालयमा उजुरी/गुनासो प्राप्त भइ रहेको छ।

उल्लेखित प्रकृतिका भ्रामक, आधारहीन विज्ञापन गर्नु विज्ञापन (नियमन गर्ने) ऐन,२०७६, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल हुने भएकाले सम्बन्धित उत्पादक, आयातकर्ता, वितरक, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम, डिजिटल प्लेटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई देहाय बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ।

**देहायः**

१. शारिरिक वा मानसिक क्षमता वृद्धि हुने, तुरुन्त ऊर्जा प्राप्त हुने, अध्ययन, खेलकुद वा कार्यसम्पादनमा असाधारण सुधार हुनेजस्ता भ्रामक, अतिरञ्जित वा आधारहीन विज्ञापन सामग्री उत्पादन, प्रकाशन, वितरण, प्रसारण वा प्रदर्शन नगर्न/नगराउनुहुन।

२. ऊर्जाशील पेय पदार्थ (इनर्जी ड्रिङ्क) तथा उच्च चिनीयुक्त पेय पदार्थको विज्ञापनमा उक्त वस्तु वा सेवाको प्रयोग गर्दा हुन सक्ने असर वा अवलम्बन गर्नु पर्ने चेतावनीमूलक सन्देश तथा विज्ञापनकर्ताको नाम, ठेगाना स्पष्टरूपमा अनिवार्य समावेश गर्न/गराउनुहुन।

३. कुनै पनि विज्ञापनमा स्वास्थ्यसम्बन्धी दाबी, पोषणसम्बन्धी दाबी वा कार्यसम्पादनसम्बन्धी दाबी गर्दा सम्बन्धित नियामक निकायबाट स्वीकृत तथा आधिकारिक रूपमा पुष्टि भएका तथ्य र प्रमाणका आधारमा मात्र विज्ञापन गर्न/गराउनुहुन।

४. त्यस प्रकारका श्रब्य दृष्य तथा श्रव्यदृष्य सामग्री प्रसारण गर्नु गराउनु पूर्व अनिवार्य रुपमा यस बोर्डबाट अनुमति प्राप्त गर्नु/गराउनु हुन।

उपरोक्त बमोजिम भए गरेको नपाइएमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ लगायतका प्रचलित कानूनबमोजिम कारबाही भई जाने बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै, भ्रामक विज्ञापन वा प्रचार प्रसार भएको

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

जानकारी प्राप्त भएमा प्रमाणसहित विज्ञापन बोर्डमा उजुरी गरी सहयोग गरिदिनुहुन सम्पूर्ण सरोकारवाला तथा आम नागरिकमा अनुरोध गरिन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत